नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# बोर्डको वार्षिकोत्सवमा विशेष फिल्म र सम्मान



चलचित्र विकास बोर्डले २ फिल्मलाई विशेष फिल्म घोषणा गर्दै १८औं वार्षिकोत्सव मनाएको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बाँस्कोटाको प्रमुख आतिथ्यमा शनिबार चाबहिल सरस्वतीनगरस्थित बोर्डकै हलमा आयोजित कार्यक्रमका बीच शिवम् अधिकारी निर्देशित *पञ्चायत* र घनश्याम लामिछानेद्वारा निर्देशित *अग्नी दहन* फिल्मलाई विशेष फिल्म घोषणा गर्दै बोर्डले यसपालिको वार्षिकोत्सव मनाएको हो।

विशेष फिल्म घोषित भएबापत यी दुई फिल्मले विदेश प्रदर्शनका लागि सबटाइटलिङ गर्न २ लाख रुपियाँ पाउनेछन्। सोही अवसरमा *छक्का पञ्जा* निर्देशक दीपाश्री निरौलालाई *महिला सशक्तीकरण सम्मान*बाट सम्मान गरिएको छ। बोर्डले नेपाली फिल्म क्षेत्रलाई स्वायत्तता प्रदान गर्ने अभिप्रायले सरकारले २०५७ सालमा सूचना तथा सञ्चार मन्त्रालय मातहत रहने गरी बोर्डको स्थापना गरेको थियो। सो अवसरमा बोर्डले भावी कार्ययोजना प्रस्तुत गरेको थियो। जसअन्तर्गत नेपाली फिल्म क्षेत्रको बृहत्तर हितका लागि बक्स अफिस प्रणालीलाई आर्थिक वर्ष २०७५/०७६ भित्रै लागू गरिसक्ने लक्ष्य राखिएको बोर्ड अध्यक्ष निकिता पौडेलले जानकारी गराइन्। राष्ट्रिय चलचित्र विकास नीति लागू हुन नसक्दा फिल्म क्षेत्रले आशातित उपलब्धि प्राप्त गर्न नसकिरहेको अवस्थामा यही अर्थिक वर्षभित्र नै नीति लागू गर्ने बोर्डको तयारी रहेको पनि उनले बताइन्। पौडेलका अनुसार नेपालको पहिलो फिल्म *आमा* र पहिलो रंगीन फिल्म *कुमारी*लाई डिजिटलाइजेसन गरेसँगै पुनः प्रदर्शन गर्ने र तत्कालीन शाही नेपाल चलचित्र संस्थानबाट निर्माण भएका एक दर्जन फिल्मलाई महोत्सवमा प्रदर्शन गर्ने योजना बोर्डले अघि सारेको छ भने नेपाललाई अन्तर्राष्ट्रिय सुटिङ हबका रूपमा विस्तार गर्न अन्तर्राष्ट्रियस्तरको फिल्म सिटीसँगै काठमाडौं आपसापकै क्षेत्रमा एउटा सुविधा सम्पन्न सुटिङ स्टुडियो निर्माण गर्ने लक्ष्य बोर्डले राखेको छ।




## धरहरा

### चुरीफुरी नगरौं

रसिया संसारकै चिसो देश भनेर चिनिएको छ। तर अहिले त्यहाँ जारी विश्वकपको माहोलले संसारलाई तताएको छ। विश्वभरका बाजिगरहरू चिप्लिएका छन्। ठूला भनिएका राष्ट्र नकआउट चरणबाटै बाहिरिएका छन्।



सोच्दै नसोचेको देश अगाडि बढेपछि सट्टेबाज मात्र होइन फ्यानहरू नै बिलखबन्दमा परेको देखेर धरहरा तीनछक परेको छ भन्या। हैन ठूला देशले मात्रै विश्वकप जित्नुपर्ने भन्ने त छैन होला नि! पटकपटक जितेको टिमलाई मात्रै सपोर्ट गर्नुपर्छ भनेर विश्वकपको नियमावलीमा लेखेको त छैन होला नि। कसैले धेरै चुरीफुरी नगरे हुन्छ। नयाँ नयाँ टिमले जसरी आफूलाई अब्बल सावित गरेका छन्। विश्व विजेताहरू यसरी नै पाखा लाग्नुपर्दछ। हैन त पाठकवृन्द?

# नेपाल भाषाको फिल्मलाई पपुलर च्वाइस अवार्ड




आदिवासी जनजाति चलचित्र महासंघको आयोजनामा सम्पन्न *दोस्रो आदिवासी जनजाति चलचित्र महोत्सव २०७५* मा *तापलय्* नामक नेपालभाषाको फिल्म *पब्लिक च्वाइस अवार्ड* चुम्न सफल भएको छ।

नेपाल भाषा, तामाङ, गुरुङ, मगर, किराँत राई, शेर्पा, माझी, थारू, राजवंशी, सुनुवारलगायत विभिन्न १४ भाषाका फिल्मबीच भएको प्रतिस्पर्धामा *तापलय्*ले दर्शक मतका सो अवार्ड चुम्न सफल भएको हो। मगर भाषाको *रैंया*, सुनुवार भाषाको *गो सु नङा* र नेपाल भाषाको *तापलय्*बीच कडा प्रतिस्पर्धा भएकोमा पुरस्कार भने *तापलय्*ले चुमेको हो। बालमुकुन्द प्रजापतिद्वारा निर्देशित सो फिल्मलाई २५ हजार रुपियाँ नगद प्रदान गरिएको थियो। त्यसै गरी १२ *नेपाली एक चिहान*का निर्देशक एवं आदिवासी जनजाति फिल्मकर्मी अरुणकुमार प्रधानद्वारा स्थापित ११ हजार रुपियाँको प्रोत्साहन पुरस्कार शन्तकुमार राईद्वारा निर्देशित किरात राई समुदायको *ढ्वाङकुम*लाई प्रदान गरियो।

पर्यटन बोर्डमा आइतबार सम्पन्न समापन समारोहमा प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटाले विजयीहरूलाई पुरस्कार प्रदान गरेका थिए। समापन समारोहमा महोत्सव सफल पार्न विभिन्नरूपले योगदान पुऱ्याएका सहयोगीलाई मन्त्री बाँस्कोटाले कदरपत्र प्रदान गरेका थिए भने सहभागी १४वटै फिल्मलाई प्रोत्साहनस्वरूप प्रतिफिल्म ५ हजार रुपियाँ प्रदान गरिएको थियो।

कार्यक्रममा प्रमुख अतिथि मन्त्री बाँस्कोटाले नेपालको पहिचान भनेको जातीय विविधता र सांस्कृतिक विविधता भएको चर्चा गर्दै यसको जगेर्ना र विकास गर्न फिल्म एउटा सशक्त माध्यम हुने भएकाले यस्तो माध्यमको संरक्षण गर्न नेपाल सरकार सदैव तयार रहेको बताए। आयोजक महासंघका अध्यक्ष अमृतबहादुर सुनुवारको सभापतित्वमा सम्पन्न कार्यक्रममा महासंघका पूर्व अध्यक्ष प्रतिमाया पुन, संस्थापक उपाध्यक्ष पत्रकार विजयरत्न तुलाधर असंबरे, तामाङ फिल्मकर्मी जेनिश डोङ, माझी फिल्मकर्मी बिन्दु माझीलगायतले नेपालमा आदिवासी जनजाति मातृभाषाका फिल्म र महोत्सवको उपादेयताबारे आआफ्ना धारणा राखेका थिए।

# मन पराइयो जारको नाटक



जंगबहादुरलाई जारले काटेको मिथकमा आधारित नाटक *सोनाम ग्याल्मो*लाई मन पराइएको छ। राजधानीको बत्तीसपुतलीस्थित शिल्पी थिएटरमा नाटकको नियमित मञ्चन भइरहेको नाटक २ वर्ष लामो अनुसन्धान र अध्ययनपछि सञ्चारकर्मी एवं नाटककार फूलमान बलले लेखेका हुन्।

नाटकमा जंगबहादुरलाई जारले काटेको तामाङ मिथकलाई अहिलेको जीवनसँग जोडेर प्रस्तुत गरिएको छ। सोनाम लामा मोक्तानको निर्देशन रहेको नाटक तामाङ सुमदायको विवाहबाट शुरू हुन्छ। विवाहमा बेहुला र बेहुली राखेर चारदाम (वैवाहिक जीवनको कसम खुवाउने विधि) गर्दै गर्दा नाटक फ्लासब्याकमा जान्छ। त्यसपछि सर्लाही पत्थरघट्टा आसपासको पुरानो तामाङ समाज र जीवनको उत्तरार्धमा त्यही ठाउँमा शिकार खेल्न गएका जंगबहादुरबीचको संघर्षले नाटकलाई गति प्रदान गर्छ। मुख्य पात्र छन् भर्खरै विवाह भएको सोनाम र ग्याल्मो। ग्याल्मोलाई जंगबहादुरले मन पराएर हरण गरेपछिको पीडादायी सन्दर्भ र उनैले बनाएको जार काट्ने कानुनको आड टेकेर आइपुग्ने सोनामबीचको उतारचढाव नाटकमा लोभलाग्दो छ।

जंगबहादुर कसरी मरे? त्यो भने रहस्यमै छाडिएको छ। तामाङ संस्कृति, परम्परा र जीवनशैलीलाई मालाजस्तै उनिएको नाटकमा तामाङ फिल्मकी नायिका चाँदनी लामा, सेलो गायक एवं संगीतकारद्वय फूलकुमार बमजन र सुसन लामाको पनि अभिनय छ। मुख्य पात्र सोनाममा निर्देशक स्वयंले खेलेका छन् भने ग्याल्मोको भूमिकामा शान्ति वाइबा छिन्। यसबाहेक निकिता वाइबा, निशा पाख्रिन, मात्रिका घिमिरे, मनोज तामाङ, सन्तोष तामाङ (बोन्बो), सञ्जीव राई, देविन चौधरी, विजय टुबा, सुनिल तामाङ, साजन लामालगायतले अभिनय गरेका छन्।

नाटकमा तामाङ समुदायको ताम्बा संस्कृतिलाई पनि सघनरूपमा देखाइएको लेखक बलले बताए। उनका अनुसार जंगबहादुरलाई जारले काटेको थुप्रै कथामध्ये संस्कृतिविद् एवं अन्वेषक रवीन्द्र ग्याबा तामाङले पुस्तक नै लेखेका छन्। सेलो थिएटरको प्रस्तुति रहेको नाटक मंगलबारबाहेक हरेक दिन साँझ ५ बजे नियमित मञ्चन भइरहेको छ। शनिबार दुई शो हुने निर्देशक सोनाम मोक्तानले जनाए।



# केटीको मस्ती

हलिउड ब्रिटिस मोडल केटी प्राइस सधैं आफ्नो बोल्ड लुक्सका कारण चर्चामा छाइरहन्छिन्। उनी प्रायः फ्यानका साथ आफ्ना तस्वीर सामाजिक सञ्जालमा शेयर गरिरहन्छिन्।

उनका केही तस्वीर फेरि सामाजिक सञ्जालमा छाएका छन्। उक्त तस्वीरमा ४० वर्षकी केटी २९ वर्षीय आफ्नो प्रेमी क्रिस बायसनका साथ बाथटबमा नुहाउँदै गरेकी छिन्। हरियो रंगको बिकनीमा स्पेगडी लगाएकी उनलाई निकै हट देखिएको छ। फोटोमा उनी आफ्नो प्रेमीको साथ मस्ती गरिरहेकी देखिएकी छिन्।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ